## ढुंगा, गिट्टी, वालुवा तथा माटोलाई उत्खनन, संचय एवं निकासीलाई व्यवस्थित गर्ने सम्वन्धमा गठन भएको जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिको मिति २०७४/०७/१६ गते वसेको वैठकको निर्णयहरु

**निर्णय नं. १ :**

निजी जग्गा व्यवस्थापन (खन्न/सम्याउन) गर्न पाउँ भनी विभिन्न व्यक्तिले काठमाडोंका जि.स.स. तथा न.पा.हरुमा निवेदन दिएको सन्र्दभमा कुनै व्यक्तिले आफ्नो वा एकाघरका परिवारका सदस्यको नाममा रहेको जग्गा कृषि प्रयोजनका लागि वा घरटहरा निर्माणका लागि खन्न/सम्याउन परेमा देहाय वमोजिम गर्ने निर्णय गरियो ।

१. सम्वन्धित व्यक्तिले कहाँबाट के कति कारणले माटो, वालुवा निकाल्न लागेको हो स्पष्ट खुलाई नगरपालिकामा निवेदन दिनुपर्ने ।
२. नगरपालिकाले आवश्यक देखेका अन्य कुराका अतिरिक्त देहायका कुरा एकिन गर्ने ।
    - सो जग्गा निवेदक स्वयमको वा आफ्ना एकाघरका परिवारको सदस्यको नामको भए/नभएको । (लालपुर्जा/नापी नक्सा)
    - निवेदकले माटो निकाल्नु परेको भनी खुलाएको व्यहोरा उपयुक्त रहे/नरहेको ।
    - निवेदकको जग्गाको वरिपरि रहेका संधियारहरुको मन्जुरी रहे/नरहेको ।
    - माटो निकाल्न लागेको स्थलसंग सार्वजनिक जग्गा/वन क्षेत्र जोडिएको छ छैन ? यदि जोडिएको भए त्यस्तो सार्वजनिक जग्गा वा वनक्षेत्र वा विद्यालय वा अन्य सार्वजनिक सम्पत्ति रहेको जग्गाबाट कम्तिमा ३० फिट छोडेर मात्र माटो निकाल्न पाईनेछ ।
    - वरपरको जमिनको सतह भन्दा गहिरो हुने गरी वा खाल्डो वनाएर माटो वालुवा निकाल्न पाईने छैन ।
    - यस वाहेकका अन्य शर्तहरु नगरपालिकाले तयार गरी लागू गर्न सक्नेछ ।

    उपर्युक्त वमोजिम नापजाँच गर्दा उपयुक्त देखिएमा डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग नगरी आफ्नो जग्गा व्यवस्थापन गर्न निवेदन दिएको भए नगरपालिकाले कहाँ ? कस्लाई के कसरी ? के कति मात्रामा कति समय भित्र माटो/वालुवा झिक्नुपर्ने हो स्पष्ट गरी स्वीकृती दिई सो को यथार्थ विवरण स्थानीय प्रहरी, इलाका प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र नगरपालिकाले नियमित अनुगमनको प्रवन्ध मिलाउने ।

३. यदि डोजर, स्काभेटर जस्ता भारी उपकरण प्रयोग गरी माटो, वालुवा निकाल्न आवश्यक भएको भए नगरपालिकाले उल्लेखित मापदण्ड, शर्त पुरा भएको एकिन गरी सिफारिससाथ जिल्ला समन्वय समितिमा लेखी पठाउने ।
४. जिल्ला समन्वय समितिले जिल्ला अनुगमन समितिबाट गठित समिति मार्फत स्थलगत अनुगमन गरी प्राप्त राय समेतका आधारमा आवश्यक निर्णय लिई कार्यान्वयन तथा अनुगमनका लागि सम्वन्धित नगरपालिकामा पठाउने र सोको जानकारी जिल्ला प्रशासन कार्यालय र महानगरीय प्रहरी परिसरलाई समेत दिने ।

**निर्णय नं. २ :**

कपन वहुमुखी क्याम्पसले क्याम्पस भवन वनाउने स्थलबाट निस्कने ढुंगा, माटो, वालुवा विक्री गर्न अनुमति माग गरी वुढानीलकण्ठ नगरपालिकाको च.नं. १५६, मिति २०७४।५।९ को पत्रबाट सिफारिस साथ पेश हुन आएकोमा जिल्ला अनुगमन समितिको मिति २०७४/०५/१२ को निर्णयबाट जि.स.स.को सदस्य श्री उद्धव भण्डारीको संयोजकत्वमा गठित समितिको सुझाव समेतलाई मध्यनजर गरी देहाय वमोजिम निर्णय गरियो ।

- नगरपालिकाको पत्र वमोजिम कपन वहुमुखी क्याम्पस भवन निर्माण स्थलबाट निकै ठूलो परिमाण (सानो ट्रकमा ३०० ट्रिप माटो, ६००० ट्रिप वालुवा र ठूलो ट्रकमा १५००० ट्रिप वालुवा) को माटो, वालुवा निकाल्नुपर्ने देखिएकाले सो परिमाणमा माटो, वालुवा निकाल्दा के कस्तो वातावरणीय प्रभाव पर्न जान्छ ? निकाल्न मिल्ने हो वा होईन भन्ने सम्वन्धमा थप अध्ययन गर्न आवश्यक देखिएकाले के गर्न उपयुक्त हुन्छ ? जिल्ला प्राविधिक कार्यालय प्रमुखको राय माग गरी प्राप्त भएपछि सोही वमोजिम न.पा./क्याम्पसलाई पत्राचार गर्ने ।